# अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको

## अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।३।३१**

भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले जनही रु. ५०००/- जरिवाना बुझाउनु पर्ने सम्बन्धी पत्र यस आयोगबाट सम्बन्धित निकायहरूलाई पठाइसकिएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा २ बमोजिम जरिवाना बुझाई ३० दिनभित्र सम्पत्ति विवरण बुझाउन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ साथै **"आफ्नो कार्यालयका सार्वजनिक पद धारण गरेका व्यक्ति/पदाधिकारीहरूलाई सम्पत्ति विवरण बुझाउन लगाउने, बुझाएको सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी/कर्मचारीहरूको विवरण समयभित्रै उपलब्ध गराउने कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ"** भन्ने मिति २०७५ असार २० गतेको नेपाल राजपत्रमा व्यवस्था भए बमोजिम आ.व. २०७६/७७ सम्म सम्पत्ति विवरण नबुझाएका सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको हकमा सम्बन्धित निकायका प्रमुखले जिम्मेवारीपूर्वक उक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु/गराउनु हुन समेत जानकारी गराइन्छ।